कार्यपालिकाबाट स्विकृत मिति २०७४/१२/१८

**कमलामाई नगरपालिका**

# कमलामाई नगरपालिका स्थानीय राजपत्र प्रकाशन कार्यविधि,२०७४

**कमलामाई नगरपालिका**

**सिन्धुली जिल्ला**

**३ नं. प्रदेश**

## कमलामाई नगरपालिका स्थानीय राजपत्र प्रकाशन कार्यविधि,२०७४

**प्रमाणिकरण मिति : २०७५/१२/२५**

**प्रस्तावनाः**

कमलामाई नगरपालिकाको नगर सभाबाट पारित नीति, योजना, कार्यक्रम, बजेट, ऐन तथा अन्य विषय नगर कार्यपालिकाबाट स्विकृत नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, निर्णयतथा प्रमुखबाट गरिएका संस्थागत तथा नीतिगत प्रवन्धहरुलाई सार्वजनिक गरी सरोकारवालाहरुको सहज पहुँचमा पुऱ्याई कानूनी शासनलाई संस्थागत गर्नकमलामाई नगरपालिकाको आधिकारिक प्रकाशनको रुपमा "कमलामाई नगरपालिका स्थानीय राजपत्र" को प्रकाशनलाई व्यवस्थित गर्न यो कार्यविधि नगर कार्यपालिकाबाट मिति २०७४/१२/मा स्विकृत गरी कार्यान्वयनमा ल्याईएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कमलामाई नगरपालिका, स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४"रहेको छ । यसपछि कमलामाई नगरपालिका, स्थानीय राजपत्रलाई स्थानीय राजपत्र मात्र भनि संवोधन गरिएको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **स्थानीय राजपत्रका भागहरुः** कमलामाई नगरपालिकाद्धारा प्रकाशन हुने स्थानीय राजपत्रलाई देहाय बमोजिमको ३ भागमा विभाजन गरि प्रकाशन गरिनेछ ।

भाग -१

नगरसभाबाट पारित भएका ऐन, बजेट, नीति कार्यक्रम तथा नियमावली, मापदण्ड, कार्यविधि र यस्तै प्रकृतिका अन्य दस्तावेजहरु तथा नगर कार्यपालिकाबाट स्विकृत नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड एवं अन्य नीतिगत प्रवन्धहरु र निर्णयहरु

भाग -२

कार्यालयका महत्वपूर्ण सूचना र विज्ञप्तीहरु, अधिकार प्रत्यायोजन सम्वन्धी विषयहरु

भाग-३

नगरपालिकाका पदपूर्ती सम्वन्धी सूचनाहरु,अधिकृतस्तरका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा र यस्तै प्रकृतिका महत्वपूर्ण नियुक्ति सम्वन्धी विषयहरु ।

(३) **सम्पादन तथा प्रकाशनः**दफा २ बमोजिमको विभिन्न विषयगत आधारमा प्रकाशन हुने स्थानीय राजपत्रको अन्तिम सम्पादनको काम कानून हेर्ने विषयगत शाखाबाट गरिनेछ ।

(४) **प्रकाशनका पूर्व शर्तहरु :** स्थानीय राजपत्र प्रकाशन गर्नुपूर्व निम्न अवस्था पुरा गरेको हुनुपर्नेछः-

(१) प्रमुखबाट कानून प्रमाणिकरण भएको हुनुपर्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित भएको हुनुपर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतबाट प्रकाशित हुने व्यहोरा/कागजात प्रकाशन गर्ने भनी निर्णयका साथमा त्यस्तो लिखत प्रकाशन गर्नु भनि लेखी पठाउनुपर्नेछ ।

(४) विवादरहित विषय हुनुपर्नेछ ।

**(५) अभिलेख र वितरणः** प्रकाशित स्थानीय राजपत्र कमलामाई नगरपालिका अन्तर्गतका सबै बिषयगत शाखामा पठाईनेछ र प्रत्येक दूई प्रति अभिलेख प्रयोजनका लागि कानून हेर्ने विषयगत शाखामा राखिनेछ ।

(६) **साज सज्जा र ढाँचाः** स्थानीय राजपत्रको साज सज्जा र ढाँचा देहाय बमोजिम उल्लेख गरिएको ढाँचामा बहुरङ्गीनेपाल सरकारको निशाना छाप अङ्कित भएको स्वरुप र देवनागरि लिपि र रञ्जना लिपि भएको महानगरको नाम अङ्कित भएको श्यामश्वेत अक्षरमा हुनेछ ।

# कमलामाई नगरपालिका

## स्थानीय राजपत्र ... साल

## वर्ष......

## भाग.....

प्रकाशित गर्ने अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

(७) **स्थानीय राजपत्रको मूल्यः** प्रकाशित स्थानीय राजपत्रको मूल्य सम्वन्धी व्यवस्था प्रत्येक बर्ष आर्थिक ऐनमा उल्लेख गरिए बमोजिम हुनेछ ।

(८) **अन्तिम अधिकारः** यस कार्यविधिको अधिनमा रही कुनै पनि विषय स्थानीय राजपत्रमा प्रकाशन गर्ने वा नगर्ने भन्ने सम्वन्धमा द्विविधा भएमा अन्तिम निर्णय गर्ने अधिकार नगर प्रमुखमा निहित रहने छ ।

(९) स्थानिय राजपत्र प्रमुख प्रशासकीय अधिकृतको नामबाट प्रकाशित गरिनेछ ।

(९) **अन्य व्यवस्था**ःयो कार्यविधिमा आवश्यक व्यवस्था थपघट, हेरफेर वा संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले गर्न सक्नेछ।